संवैधानिक परिषद्को सचिवालयको प. सं. ०७५।०७६, च. नं. ०७, मिति २०७५/०५/२० को पत्रानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्तको पदमा नियुक्तिको लागि श्री नवीन कुमार घिमिरे (हाल कार्यवाहक प्रमुख आयुक्त,अख्तियार दुरुपयोग अनुसन्धान आयोग) लाई प्रस्ताव गरी नेपालको संविधानको धारा २९२ को उपधारा (१) बमोजिम संसदीय सुनुवाईका लागि पठाईएकोमा संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली, २०७५ को नियम २५ र २६ तथा संसदीय सुनुवाई समितिको कार्यविधि, २०७५ बमोजिम सुनुवाई गर्दा प्रस्तावित व्यक्ति योग्यता, क्षमता र अनुभवको आधारमा उक्त पदका लागि योग्य देखिनुभएको हुँदा संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०७५ को नियम २६ को उपनियम (५) बमोजिम उक्त पदका लागि प्रस्तावित श्री नवीन कुमार घिमिरेको नाम सर्वसम्मत्तिले अनुमोदन गर्ने निर्णय गरियो ।